नेपाल सरकार
गृह मन्त्रालय
फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.moha.gov.np/daomakawanpur
वेब साइट :- http://daomakawanpur.moha.gov.np/

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

प.स.०८३/०८४

च.नं-

मितिः-२०८३/०५/१४

## सवारी आवागमन व्यवस्थापन सम्बन्धी अत्यन्त जरुरी सुचना !!!

पृथ्वीराजमार्ग अन्तर्गत धादिङ्ग जिल्लाको कृष्णभीरमा सडक अवरुद्ध भएको कारण मकवानपुर हुँदै काठमाडौंतर्फ जाने तथा काठमाडौंबाट आउने सवारी साधनको अत्याधिक चाप बढेको वर्तमान अवस्थामा सवारी आवागमनलाई सहज, सुरक्षित तथा व्यवस्थित बनाउन देहायबमोजिम गर्न/गराउनहुन सम्बन्धित सबैमा अनुरोध छ ।

१. अत्यावश्यक कामबाहेक काठमाडौंतर्फको यात्रा नगर्न तथा अत्यावश्यक अवस्थामा बाहेक सवारी साधन लिएर यात्रा नगर्न अनुरोध गरिन्छ।

२. सम्पूर्ण मालवाहक सवारी साधनहरू कान्ति लोकपथ हुँदै काठमाडौंतर्फ आवागमन गर्ने व्यवस्था मिलाउन अनुरोध गरिन्छ।

३. १४ सिट क्षमताभन्दा ठूला यात्रुवाहक सवारी साधनहरू त्रिभुवन राजपथ हुँदै काठमाडौंतर्फ जाने तथा सोही मार्गबाट फर्कने व्यवस्था मिलाउन अनुरोध गरिन्छ।

४. १४ सिटसम्म क्षमताका साना यात्रुवाहक सवारी साधनहरू भीमफेदी- देउराली हुँदै काठमाडौंतर्फ जाने तथा आउने व्यवस्था मिलाउन अनुरोध गरिन्छ।

५. काठमाण्डौबाट त्रिभूवन राजपथ हुंदै हेटौंडातर्फ आउने सवै सवारी साधनहरु राती १ बजे सम्म हेटौंडा पुगिसक्ने र हेटौंडा बाट त्रिभूवनराजपथ हुंदै काठमाण्डौजाने सवारी साधनहरु राती १ बजे पछि मात्र जाने व्यवस्था गर्न गराउन अनुरोध गरिन्छ ।

६. कुनै पनि राजमार्गमा सवारी चालकहरूले धैर्य एवं अनुशासनपूर्वक आफ्नो पालोमा मात्र सवारी सञ्चालन गर्ने, ओभरटेक नगर्ने तथा ट्राफिक व्यवस्थापनमा खटिएका सुरक्षाकर्मी/ट्राफिक प्रहरीको निर्देशन पूर्ण रूपमा पालना गर्ने व्यवस्था मिलाउन अनुरोध गरिन्छ।

उल्लिखित व्यवस्थाको पालना गरी सवारी आवागमनलाई सहज बनाउन सहयोग गरिदिनुहुन सम्पूर्ण सवारी चालक, यातायात व्यवसायी तथा यात्रुहरूमा अनुरोध छ।

८३/०५/१४
सन्तोष सुवेदी
प्रशासकीय अधिकृत